# स्थानीय राजपत्र

खण्डः १ संख्याः १८ प्रकाशित मितिः२०७९/१२/०२

**भाग-२**

**तुम्बेवा गाउँपालिकाद्वारा प्रकाशित**


# बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९/११/११

आज्ञाले,

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९

( गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९/११/११)

## तुम्बेवा गाउपालि

## गाउँ कार्यपालिकाको

### मौवा ,पाँचथर

### कोशी प्रदेश , नेपाल

**तुम्बेवा गाउँपालिका, पाँचथर**

# बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली २०७९

प्रस्तावना :

अन्तर सहकारी बित्त ब्यबस्थापन ऐन २०७४ को उपनीयम ३ बमोजिम आयको बिशेष अनुदान कार्यक्रमलाई ब्यबस्थित ,पारदर्शी र प्रभाबकारी रुपमा संचालन गर्न सुशासन(कार्य संचालन तथा ब्यबस्थापन) ऐन २०६४ को दफा १४ र सुशासन(कार्य संचालन तथा ब्यबस्थापन) नियमावलि २०६५ तथा प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७९ को अधिकार प्रयोग गरि तुम्बेवा गाउँपालिकाले **बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९** बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क)यस को नियमावलीको नाम बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली ,२०७९ रहेको छ।

(ख)यो नियमावली तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाको बैठक बाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

**२.परिभाषा :बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा**

(क) “गाउँपालिका” भन्नाले तुम्बेवा गाउँपालिका सम्झनु पर्दछ।

(ख) “गाउँ कार्यपालिका” भन्नाले तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) “पशु सेवा शाखा” भन्नाले तुम्बेवा गाउँपालिका पशु सेवा शाखा सम्झनु पर्दछ।

(घ) “वडा” भन्नाले तुम्बेवा गाउँपालिका अन्तर्गतका सबै वडाहरु सम्झनु पर्दछ।

(ङ) “प्राविधिक” भन्नाले तुम्बेवा गाउँपालिकामा कार्यरत वा पशु सेवा शाखाबाट खटाईएको सम्बन्धित प्राविधिक सम्झनु पर्दछ।

(च) “कृषक” भन्नाले तुम्बेवा गाउँपालिका भित्र बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(छ) “कृषक उद्यमि” भन्नाले तुम्बेवा गाउँपालिका भित्र बाख्रा पकेट क्षेत्र  कार्यक्रम संचालन गर्न कानुन बमोजिम पशु पालन व्यवसाय दर्ता गरि पशुपालनमा आबद्ध व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ज) “कृषक समूह” भन्नाले तुम्बेवा गाउँपालिका भित्र बाख्रा पकेट क्षेत्र  कार्यक्रम संचालन गर्न पशु सेवा शाखा/साबिकको जिल्ला पशु सेवा कार्यालयमा दर्ता गरिएका समूहहरुलाई सम्झनु पर्दछ।

(झ) “सहकारी” भन्नाले तुम्बेवा गाउँपालिका भित्र बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालन गर्ने कृषि सहकारी वा पशु पालन कार्यक्रम समाबेश भएको सहकारी संस्थालाई सम्झनु पर्दछ।

(ञ) प्रस्तावक भन्नाले बाख्रा पकेट क्षेत्र संचालन गर्ने कृषक/कृषि उद्यमि/समूह/सहकारी सम्झनु पर्दछ

(ट) “अनुदान” भन्नाले सम्बन्धित बाख्रा पकेट क्षेत्र कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्दछ

**३.अनुदान व्यवस्थापन तथा प्राविधिक समिति**: बाख्रा पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन/व्यवस्थापन प्रयोजनार्थ तुम्बेवा गाउँपालिका पशु सेवा शाखामा देहाय बमोजिमको अनुदान व्यवस्थापन तथा प्राविधिक समिति रहने छ।

| | |
|---|---|
| **१**.गाउपालिका अध्यक्ष | संयोजक |
| **२**.गाउपालिका उपाध्यक्ष | सदस्य |
| ३.प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४.प्रतिनिधि, योजना शाखा | सदस्य |
| ५. प्रतिनिधि, कृषि विकास शाखा | सदस्य |
| ६ .पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

नियम ३ बमोजिम गठन भयको समितिमा आबस्यक अनुसार बढीमा २ जनालाई    आमन्त्रण गर्न सकिने छ।

**४.समितिको काम कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) स्विकृत बार्षिक कार्यक्रम अनुसार कृषकहरुलाइ प्रचलित कानुन बमोजिम हुने गरि कार्यक्रम संचालनका न्युनतम मापदण्ड र पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गरि पशु सेवा शाखालाई सिफारिस गर्ने ।

(ख) कार्यक्रमहरुमा प्रस्ताव पेश गर्नका लागि प्रस्तावको ढाँचा तोक्ने/परिमार्जन गर्ने।

(ग) अनुसुचि-४ बमोजिमको मुल्यांकनका आधारहरुको सिमा भित्र रहि थप व्याख्या अनुसार अंकभार बाँडफाँड गर्ने वा विषेश कार्यक्रमका लागि छुट्टै मुल्यांकनका आधारहरु निर्धारण गर्ने ।

(घ) प्राप्त प्रस्तावहरुको स्थलगत मुल्यांकनका लागि उप समिती गठन गर्ने ।

(ङ) प्राप्त प्रस्तावहरुको मुल्यांकनका आधारमा लाभग्राहि छनौट गर्ने ।

(च) कार्यक्रम कार्यान्वयनको प्रभावकारि अनुगमन गर्ने तथा थप सुधारका लागि पशु सेवा शाखालाई सुझाव दिने ।

**५. उद्देश्य:**

(१)कृषक समुदायमा दिगो र सहभागितामूलक खोर सुधार तथा बाख्रा पालन प्रणाली ब्यबस्थित गर्ने।

(२) गाउँपालिकाको भौगोलिक क्षेत्र तथा हावापानि सुहाउदो बाख्राको उपलब्धता बढाउने ।

(३) बाख्रा पालन व्यवसायलाइ आत्मनिर्भर, व्यवसायिक र प्रतिस्पर्धि बनाउने ।

(४) गरिवि निवारण, खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

५.मासु तथा मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने

६.निर्वाहमुखी बाख्रापालनको ब्यबसायिक रुपान्तरणमा सहयोग पुर्याउने

**६.अनुदान रकम बाट संचालन गर्न सकिने कार्यहरु**

१.खोर निर्माण तथा खोर सुधार

२.यान्त्रिकरण प्रबर्द्दन कार्यक्रम

३.कृषक स्तर तालिम ,क्षमता अभिबृद्दी तथा प्रसार कार्यक्रम ,अबलोकन भ्रमण

४.पशु स्वास्थ्य कार्यक्रम

५.आहारा बिकास कार्यक्रम

६.प्रजनन योग्य माउ बाख्रा तथा ब्याड़े बोका खरिद एबम ढुवानी

**७.अनुदान प्रवाहका शर्तहरु :**

क. बिगत तिन बर्ष भित्र प्रादेशिक मन्त्रालय वा मातहतका निकाय एबमं सघींय सरकार अर्तरगतका कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा मातहतका निकायबाट सोहि प्रकृतिको कामको लागी अनुदान प्राप्त गरेको आबेदक पुनः अनुदानको लागी योग्य मानिने छैन । तर अपुरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवस्यक भएको भए पुनः अनुदान प्रदान वाधा पर्ने हुने छैन ।

ख.अनुदान प्राप्त गर्ने प्रस्तावले कम्तिमा १० बर्ष सम्म व्यवसाय सञ्चालन गर्नु पर्ने छ ।

ग.लिजको जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्बन्धित जग्गाधनि संग कम्तिमा १० बर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्ने छ ।

घ.कार्यक्रम सञ्चालन गर्न सामाजिक ,वातावरणीय ,प्राबिधिक ,वित्तिय र भौगालिक रुपले समेत उपयुक्त हुनुपर्ने छ ।

ङ.बाख्रा पकेट क्षेत्र कार्यक्रममा आबद्ध ब्यबसायिक कृषक फर्म/समूह/कृषक संस्था अनिवार्य सरकारि निकायमा व्यवसाय दर्ता गरेको हुनुपर्ने छ र कृषक समूह भए समुहका प्रत्येक सदस्यले कम्तिमा ५ वटा प्रजनयोग्य माउ बाख्रा पालेको हुनुपर्ने छ भने निजि फर्म भए कम्तिमा २० वटा प्रजनन योग्य माउ बाख्रा पालि ब्यबसाय दर्ता गरेको हुनुपर्नेछ ।

च. अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाकी सरह रकम असुलि र कारबाहीहुनेछ ।

छ. अनुदानमा स्थापना भएको उपकरण,भौतिक संरचना र सामाग्रीहरु अन्य कार्यमा प्रयोग गर्न पाइने छैन ।

ज.प्रस्ताबकले तोकिएको रकम अनुसार लागत साझेदारी गरेको हुनुपर्ने छ ।

**८.सुचना प्रकाशन तथा अनुदानग्राहीको छनौट :**

(१) कार्यक्रम सँचालन गर्न पशु सेवा शाखाले बार्षीक स्वीकृतकार्यक्रम अनुसार सार्बजनिक रुपमा अधिकतम कृषकहरुसम्म सुचनाको पहुँच पुग्ने गरि आबेदन मागको लागी कम्तिमा ७ देखि १५ दिनको अनुसूची -१ बमोजिमको सुचना प्रकाशन प्रसारण गर्नुपर्ने छ ।

(२)उपनियम (१) बमोजिम प्राप्त आबेदन सम्बन्धित कार्यक्रम सँचालन गर्न **अनुसूची-४ बमोजिम अनुदान व्यवस्थापन तथा प्राविधिक समितिले** छनौट गरी कार्यक्रमको लागी सिफारिस गर्न सक्ने छ ।

(३)उपनियम (२) बमोजिम छनौट भएका आबेदकहरुलाई कार्यक्रम मर्म तथा नियमावली अनुरुप शाखाले कार्यक्रम कार्यान्वयन गर्न सक्ने छ ।

**९.अनुदान रकमको सिमा :**

(१)अनुदान रकम कुल लागतको कार्यक्रमको प्रकृति अनुसार,**(पूर्वाधार बिकासमा)** ७५% **र भ्रमण ,तालिम,गोष्टीमा** शतप्रतिशतसम्म अनुदानमा रहने छ ।

**१०.अनुदानग्राही सँग सम्झौता गर्नुपर्ने :**

(१)कार्यालयले अनुदानग्राही को छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राही सँग अनुसूची-५ बमोजिम सम्झौता गर्नुपर्ने छ ।

**११.अनुगमन तथा मुल्याङ्कन :**

यस नियमावली बमोजिम संचालित कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन आवस्यकता अनुसार **अनुदान व्यवस्थापन तथा प्राविधिक समिति,** पशु शाखा, गाँउपालिका स्तरीय /सम्बन्धित वडा वा सम्बन्धित निकायबाट हुनेछ ।

१२.कार्यक्रम कार्यान्वयनका लागि नर्मस : अनुगमन,र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा ५ % मात्र गर्नु पर्नेछ

१३.भुक्तानि प्रक्रियाः लाभग्राही कृषक/कृषक समूहले सम्झौता बमोजिमको कार्य सम्पन्न गरि सके पश्चात आबस्यक बिल भर्पाइ र कार्य सम्पन्न प्राबिधिक प्रतिबेदनका आधारमा प्रचलित कानुन बमोजिम कार्यालयले लाभग्राही कृषक समुह /कृषक संस्था वा आपुर्तिकर्ताको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गरिनेछ

**१४.असुल उपर गर्नुपर्ने:**

(१) कार्यालयले यस नियमावली बमोजिम प्रवाह भएको अनुदान वा अन्य कार्यक्रमको रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी  सरह प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ ।

**१५.दोहोरो सुबिधा लिन नपाउने :**

(१)अनुदानग्राहिले एकै प्रकृतिको कामको लागी एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन एकै प्रकृतिको कामको लागी एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखियमा ३ बर्षसम्म उहि प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन । तर अपुरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवस्यक भएको भए  पुनः अनुदान प्रदानमा वाधा पर्ने हुने छैन ।

**१६.अनुदानग्राहि जिम्मेबार हुने :**

१.कुनै विषेश कारणबस वा काबु बाहिरको परिस्थीति परि सम्झौता अनुरुप तोकियको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्ध भएमा वा अनुदान रकम पुरा भुक्तानि नभएमा स्वय जिम्मेबार हुने ।

१८.प्रचलित कानुन लागु हुने :अनुदान कार्यक्रमको कार्यान्वनको सम्बन्धमा कार्यविधिमा उल्लेख भएकोमा सोहि बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानुन बमोजिम कार्यान्वन हुने छ

१९.कारबाहीको ब्यबस्था :

क.सम्झौता बमोजिमको कार्य सम्पन्न नगर्ने तथा अनुदान रकमको दुरुपयोग गर्ने अनुदानग्राहीलाई कार्यालयले कार्यालयले कालोसूचीमा राखी प्रचलित कानुन बमोजिम कारबाही गर्ने छ

२०.बाधा,अड्चन,निरुपण,खारेजी र संसोधन :

क.यस कार्यविधि कार्यान्वनमा बाधा ,द्विविधा वा विवाद भएमा सोको निरुपण समितिले गर्ने छ

ख.तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाले आबस्यकता अनुसार यस कार्यविधि संसोधन तथा खारेज गर्न सक्ने छ

अनुसूची -१ सूचना प्रकाशनको ढाँचा

तुम्बेवा गाँउपालिका
गाउँकार्यपालिकाको कार्यालय
मौवा,पाँचथ

पत्र संख्या :–०/०८

कोशी प्रदेश नेपाल

च.नं.:–

स्था.२०७३

मितिः२० / /

प्रस्ताब आह्वान सम्बन्धि सूचना

यस तुम्बेवा गाउँपालिका पशु सेवा शाखाको आ.ब. २० /० संघिय शसर्त स्वीकृत कार्यक्रम अनुसार तपशिल अनुसारका कार्यक्रम गर्नु पर्ने भएको हुदा बाख्रा पकेट कार्यक्रम कार्यविधि २०७९ अनुसार इच्छुक व्यावसायिक कृषक /निजि उद्यमि /फर्म /कृषक समूहहरुले यो सूचना प्रकाशन मितिले.......दिन भित्र (मिति २० / / गते सम्म) कार्यालय समयमा आबश्यक कागजात र तोकिएको ढांचा अनुसारको आबेदन फारम सहित पशु सेवा शाखामा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

कार्यक्रमको विवरण

| क्र.स | कार्यक्रमहरु | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | प्रस्ताब पेश गर्न सक्ने सम्भावित साँझेदार | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

१. कार्यक्रमको प्रस्ताव
२. कृषक समूह/कृषक सहकारी दर्ता,नविकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. संस्थाको निर्णय प्रतिलिपि :
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र

नोट : यस कार्यक्रम संचालन गर्दा हाल सम्म कुनै पनि किसिमको अनुदान प्राप्त नगरेका कृषक वा उद्यमीहरुलाई बिशेष ग्राह्यता दिईनेछ । निवेदन र व्यावसायिक कार्ययोजनाको ढाचा पशुसेवा शाखा बाट प्राप्त गर्न सकिनेछ ।

अनुसूची-२

अनुदानग्राहिले पेश गर्ने आवेदनको ढाँचा

मिति:

श्री कार्यालय प्रमुख ज्यु,
तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
मौवा,पाँचथर।

**विषय: अनुदान कार्यक्रममा सहभागि हुन पाँउ भन्ने बारे।**

महोदय,

तहाँ कार्यालयको मिति............................... मा प्रकाशित............................................................... कार्यक्रममा सहभागि हुन पाँउ भनि सुचनामा उल्लेख भए बमोजिमका कागजातहरु सहित यो आवेदन पेश गरेको छु। साथै यस कार्यालय बाट विगत दुई बर्षमा यसै प्रकृतिको कार्यक्रमका लागि अनुदान नलिएको व्यहोरा समेत अनुरोध छ।

निवेदक
नाम:
ठेगाना:
दस्तखत:
छाप:

**निवेदन साथ संलग्न कागजातहरु :**

१. कार्यक्रमको प्रस्ताव
२.कृषक समूह/कृषक सहकारी दर्ता,नविकरण तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३.संस्थाको निर्णय प्रतिलिपि :
४.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
५.सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र

अनुसूची-३

प्रस्तावनाको ढाँचा

...........................**कार्यक्रमको प्रस्ताव पत्र**

| **क. कार्यक्रमको सामान्य परिचय** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आवेदकको नाम | | | | | | | |
| ठेगाना | | | | | | | |
| सम्पर्क व्यक्तिको नाम | | | | | | | |
| टेलिफोन नंबर | | | | | | | |
| आवेदकको परिचय, अनुभव तथा हाल संचालन गरि रहेका क्रियाकलापहरु | | | | | | | |
| यस कार्यक्रम अन्तरगत संचालन गरिने प्रस्तावित क्रियाकलापहरु | | | | | | | |
| कार्यक्रमको जम्मा लागत रु | | | | | | | |
| अनुदान माग गरेको रकम रु | | | | | | | |
| कार्यक्रम संचालन गरिने स्थल | जिल्लाः पाँचथर<br>गाउँपालिकाः तुम्बेवा<br>वडा नः<br>स्थानः | | | | | | |
| **ख. कार्यक्रमबाट हुने लाभान्वितहरुको विवरण** | | | | | | | |
| लाभान्वितको किसिम | संख्या | | | | | | |
| | कुल | पुरुष | महिला | दलित | जनजाति | भूमिहिन | अन्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कृषक | | | | | | | |
| व्यापारी | | | | | | | |

**ग. कार्यक्रम संचालन पश्चात प्राप्त हुने प्रतिफलहरु**

१.
२.
३.
४.

**घ. लागत साझेदारी**

| सि नं | क्रियाकलापको नाम | इकाइ | परिमाण | जम्मा लागत | आफ्नो लगानी | अनुदान |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**घ. अनुमानित उत्पादन तथा बिक्रि आम्दानि**

| सि.नं | उत्पादनको नाम | इकाइ | परिणाम | दर | जम्मा उत्पादनको बजार मुल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ङ. कार्यक्रमको दिगोपना तथा निरन्तरत**

## अनुसुची -४
## स्थलगत प्रमाणीकरण मुल्यांकन फारम

१.आवेदकको नाम :-

२.कार्यक्रम संचालन स्थलको ठेगाना :-

३.प्रस्तावीत कायक्रमको नाम :-

४.स्थलगत प्रमाणीकरण मिति :-

- **स्थलगत प्रमाणीकरणमा संलग्न पदाधिकारीहरुको बिवरण**

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

- **आवेदकको मुल्यांकन**

| क्र.सं. | मुल्यांकनका सुचकहरु | प्रमाणीकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ |
|---|---|---|---|
| १. | कार्यक्रम कार्यन्वयन स्थलको जग्गा वा भवन आफ्नै स्वामित्वमा छ /छैन | १० | |
| २. | स्थानको उपयुक्तता (सामाजीक एवं वातावरणीय दृष्टीकोणले सम्भाव्याता भएको/नभएको | १० | |
| ३. | पुर्भाधार बिकास एवं बिकासका संम्भावना छ/छैन | १० | |
| ४. | आवेदक कृषक /समुह/ निजी संस्थाका सदस्यहरुले सम्बन्धीत क्षेत्रमा आवद्ध भएको /नभएको | १० | |
| ५. | बजार तथा बजारीकरणको सहजता छ/छैन | १० | |
| ६. | व्यवसाय दर्ता नबिकरण करचुक्ता आदि भएको/नभएको | १० | |
| ७. | पेश गरेको सक्षिंप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको सहकार्य बिवरण भएको /नभएको | १० | |
| ८. | जैबिक सुरक्षा तथा वातावरणीय अवस्था भएको/नभएको | १० | |
| ९. | बिपन्न कृषक /समुह /समिती/ सहकारी /निजी संस्थामा रहेका एकल महिला , दलित , जनजाती तथा सिमान्तकृत कृषकहरु , बिदेशबाट फर्किएका युवाहरु , कोभिड प्रभाबित भएको/नभएको | १० | |

| | | | |
|---|---|---|---|
| १०. | संस्थागत व्यवसायीक कृयाशीलता सन्तोषजनक छ/छैन | १० | |

**स्थलगत प्रमाणीकरणमा भेटिएका अन्यथपबिवरण**

**पशु संख्या /अन्य सामाग्री**

-

-

-

-

**स्थलगत प्रमाणिकरण टोलिको राय**

| त्र.सं. | स्थलगत प्रमाणीकरण गर्ने पदाधिकारीको नाम | पद | हुन्छ / हुदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुची - ५

## द्विपक्षीय सम्झौता

तुम्वेवा गाँउपलिकाको आ.व. को संघिय शसर्त स्वीकृत कार्यक्रम अनुसार बाखा पकेट क्षेत्र कार्यक्रम संचालन गर्न श्री तुम्वेवा गाँउपालिकाको कर्यालय मौवा पाँचथर (यसपछी प्रथम पक्ष भनिने ) र श्री ..................................................(यस पछि दोस्रो पक्ष भनिने ) बीच तपशिल बमोजीमका शर्तहरु परिपालन गर्ने गरी द्धपक्षीय सम्झौता गरी दियौ / लियौ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले बाखा पकेट क्षेत्र कार्यक्रम संचालनका लागी बिनियोजीत रकम रु ..................... दास्रो पक्षलाई कार्यक्रम सम्पन्न भए पस्चात उपलब्ध गराउने छ ।

**कार्यक्रमको लागत साझेदारी तथा इष्टिमेटः**

| क्र.सं. | विवरण | इकाइ | परिमाण | दर | जम्मा रकम रु | कार्यालयको अनुदान रु. | आवेदकको स्वलगानी रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| जम्मा रु | | | | | | | |

२. दोस्रो पक्षले पाँचथर जिल्ला तुम्वेवा गा.पा./न.पा........ वडा नं. वडाको .....................स्थानमा सम्झौता मिमिको ६० दिन भित्र कार्यक्रम सम्पन्न गर्नु पर्ने छ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना बमोजीमका सम्पुर्ण कार्यहरु प्रबिधीक मापदण्ड /नर्मसको अधिनमा रहि सम्पन्न गर्ने छ ।

४. कार्यक्रम संचालनका लागी आवश्यक निमार्ण सम्बन्धी डिजायन, ईष्टिमेट , सुपरभिजन , बिल भर्पाइ र कार्य सम्पन्न प्रतिवेदनका लगायतका कार्यहरु तथा निमार्ण खरिद ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदी दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले नियमअनुसारको बिल भर्पाई कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्रबिधीक प्रतिवेदनको आधारमा मनासीव ठहरे दोस्रो पक्षको बैक खातामा भुक्तानी दिनेछ ।

६. मान्यता प्राप्त प्राविधीकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्रबिधिक प्रतिवेदनको आधारमा मनासीब ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्तमा समेत सम्झौता बमोजीमको रकम भुक्तानी बैक खाता मार्फत गर्नेछ । कार्यकम सम्बन्धी प्रविधीक सेवा टेवा समन्वय  र सहजीकरण प्रथम पक्षले गर्नु पर्नेछ ।

७.प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन /निरीक्षण गरी सम्झौता मुताबीक कार्य भए /नभएको हेर्न वा आवश्यक सल्लाह सुझाब दिन सक्नेछ ।

८.कार्यकम संचालनका दौरान वा सम्पन्न भए पस्चातको सञ्चालन , मर्मत सम्भार , व्यवस्थापन, जोखिम र दिगोपनाका लागी गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले त्रैमासीक रुपमा कार्यकमको प्रगती उपलब्धी एवं कारोबार सम्बन्धी विवरणहरु स्थानिय तहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने छ ।

११ कार्यकम संचालनको क्रममा कुनै बिवाद आएमा दुबै पक्षको आपसी समझदारीमा समाधान गरिने छ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षर :- | हस्ताक्षर :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| संस्थाको नाम :- | कार्यालय :- |
| संस्थाको छाप :- | कार्यालयको छाप :- |
| रोहबर | |
| हस्ताक्षर :- | हस्ताक्षर :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| कार्यालयको छाप :- | कार्यालयको छाप :- |

ईति सम्वत २०७   साल ..........महिना .......गते रोज ..........शुभम् ।

**नोट : द्विपक्षीय सम्झौतामा आवश्यकता मुताबिकका अन्य सान्दर्भिक बुँदाहरु संशोधन गर्न सकिने छ ।**